# फार्मेसिष्ट, सहायक फार्मेसिष्ट, औषधि व्यवसायी र औषधिको कारोवार गर्नेहरु सबैलाई सूचना

औषधि तथा जनस्वास्थ्य विभाग औषधी व्यवस्था विभाग शाखा कार्यालय, नेपालगंज

१. औषधि विक्री वितरण गर्ने आधिकारिक फार्मेसिष्ट, सहायक फार्मेसिष्ट र औषधि व्यवसायीहरु फार्मेसीमा अटुट रुपमा आफ्नो प्रतक्ष्य उपस्थितीमा औषधि सम्वन्धि सुझाव एवं परामर्श दिई औषिको dispensing गरी औषधिको समुचित प्रयोग गर्न गराउने जिम्मेवारी निर्वाह गर्नु पर्दछ।

२. औषधि विक्री गर्दा उपभोक्तालाई अनिवार्य रुपमा बिल दिनु पर्दछ। विक्रीवितरण बिलमा औषधिको expiry date, batch no, उपभोक्ताको नाम समेत स्पष्ट हुने गरी लेख्नु पर्दछ।

३. Ramdesivir औषधि लगायत अन्य औषधिहरु बढी मुल्यमा विक्री वितरण भइरहेको जनगुनासो समेत प्राप्त भएको ले यस्तो गैर जिम्मेवारी काम गरेको प्रमाण भटिएमा कालो बजारी अन्तरगतको कानूनी कारवाहीको लागि सम्वन्धित निकायमा शिफारीस गरिने छ।

४. औषधि पसल औषधि व्यवस्था विभागमा दर्ता गरी मात्र संचालन गर्नु पर्दछ। औषधि पसलमा औषधि पसल दर्ता प्रमाण पत्र सबैले देख्ने स्थानमा राख्नु पर्ने छ।

निरीक्षणको कममा औषधि ऐन २०३५ को बर्खिलाप काम गरिएको देखिएमा नियम अनुसार कारवाही हुने चेतावनी स्वरुप यो सूचना जारी गरिएको छ।

नेपाल सरकार
औषधि व्यवस्था विभाग
शाखा कार्यालय नेपालगंज, बाँके

२०७८/०१/१५

Scanned with CamScanner

# औषधिको उपभोक्ताका लागि अनुरोध

**औषधि सेवन गर्दा ध्यान राख्नु पर्ने मुख्य कुराहरु ।**

१। स्वास्थ्यकर्मी बाट स्वास्थ्य जाच गराई स्वास्थ्यकर्मीको सल्लाह राम्ररी लिई मात्र औषधि सेवन गर्नु पर्दछ। औषधि कति मात्रामा कुन कुन समयमा र कति अन्तरालमा कति अवधि सम्म सेवन गर्ने भन्ने विषयमा स्वास्थ्य संस्था र फार्मेसी (औषधि पसल) बाट प्रष्ट हुनु पर्दछ ।

३। स्वास्थ्यकर्मीको सल्लाह लिदा आफूले अन्य औषधि सेवान गरिरहेको भए सोको जानकारी र तपाईलाई थप अरु कुनै दिर्धकालिन रोग लागेको भएमा सो को समेत जानकारी स्वास्थ्यकर्मी र फार्मेसीबाट औषिधि विकीगर्ने आधिकारीक व्यक्ति (फर्मासिष्ट, सहायक फर्मासिष्ट, व्यवसायी) दिनु पर्दछ ।

४। औषधि खरिद गर्दा र सेवन गर्दा औषधिको समाप्त मिति (expiry date) सम्वन्धि उपभोक्ताले पनि राम्ररी जाच गर्नुपर्दछ ।

५। औषधि घामको प्रकाश बाट र ओसिलो ठाउँबाट टाडा राख्नु होला । औषधिको ठिक पहिचान र औषधिको संचय गर्ने तापमान औषधिको लेवुलबाट जानकारी हुने हुदा लेवुल उक्काउँने, केरमेट गर्ने जस्ता काम नगर्नु होला अन्यथा औषधि सेवन गर्दा गलत औषधि पर्ने संभावना हुन्दछ। औषधि वच्चा को पहुचबाट टाड राख्नुहोला ।

६। औषधि प्रयोग गरे पश्च्यात प्रयोगकर्तामा कुनै नकारात्मक प्रभाव देखिएमा स्वास्थ्यकर्मिलाई जानकारी दिने गर्नु होला ।

७ औषधि पसलबाट औषधि खरिद गर्दा अनिवार्य औषधिको खरिद बिल माग गर्नु होला र उक्त विलमा औषधि विकताले औषधिको नाम, expiry date, batch no, मुल्य, विकेताको सही र औषधि पसलको छाप निवार्य स्पष्ट खुलाएको हुनुपर्दछ ।

नेपाल सरकार
औषधि व्यवस्था विभाग
शाखा कार्यालय नेपालगंज, बाँके

२०७८/०१/२०

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## औषधि व्यवस्था विभाग
## शाखा कार्यालय नेपालगंज
बाँके

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधी व्यवस्था विभाग
शाखा कार्यालय, नेपालगंज

मिति :- २०७८/०१/१९

पत्र संख्या :- ०७७/०७८
चलानी नं. : ९४६

**विषय :– सूचना टास गरिदिने सम्बन्धमा ।**

श्री कोहलपुर नगरपालिकाको कार्यालय,
कोहलपुर, बाँके ।

प्रस्तुत विषयमा औषधि सम्वन्धि जनचेतनामूलक सन्देश र औषधिको व्यवसायीहरुलाई ऐन नियम सम्वन्धि सूचित गर्नु पर्ने देखिएको हुदा यस पत्रका साथ संलग्न गरिएको सूचना (दुई प्रति) तहाँको सूचना पाटीमा टास गरि, दिई यस शाखा कार्यालयलाई जानकारी दिनु हुन अनुरोध छ ।

२०७८/०१/१९
निलु ...
कार्यालय प्रमुख
वरिष्ठ औषधी व्यवस्थापक
(दशौं तह)

बोधार्थ :
श्री जिल्ला प्रशासन कार्यालय, बाँके ।

Scanned with CamScanner